# बेलकोटगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

...................... शाखा

प.सं.:- २०७९/०८०
च.नं.:-

बाघखोर, नुवाकोट
३ नं. प्रदेश, नेपाल
२०७३

बेलकोटगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बाघखोर, नुवाकोट बागमती प्रदेश, नेपाल

मिति : २०८०/०२/२१

**मेलमिलापकर्ताको सूची तयार र सूची अद्यावधिक गर्ने सम्बन्धि सुचना !**

यस बेलकोटगढी नगरपालिकाको न्यायिक समितिको मिति २०८०/०२/२१ गतेको निर्णयानुसार न्यायिक समितिको काम कारवाहीलाई प्रभावकारी रुपमा संचालन गर्नको लागी **बेलकोटगढी नगरपालिकाको न्यायिक समितिको उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५** को दफा ५९ र ६० बमोजिम मेलमिलापकर्ताको सूची तयार र सूची अद्यावधिक गर्न लागेको हुँदा योग्यता भएका तथा यस अगाडी सूचिकृत भएका इच्छुक मेलमिलापकर्ताहरुले यसैसाथ संलग्न ढाँचा बमोजिम सम्बन्धित वडा कार्यालय वा नगरपालिकाको कार्यालय, बाघखोरमा १५ दिन भित्र (मिति २०८०/०३/०३ सम्म) निवेदन दिनहुन अनुरोध गरिन्छ ।

योग्यताः-

१. कम्तिमा माध्यामिक तह (कक्षा १२) वा सो सरह उत्तिर्ण गरेको ।
२. कुनै राजनीतिक दल प्रति आस्था राखी राजनीतिकमा सक्रिय नरहेको तथा स्थानीय स्तरमा समाजसेवीको रुपमा पहिचान बनाएको ।
३. मेलमिलापकर्ताको ४८ घण्टा तालिम लिइ मेलमिलापकर्ताको कार्य गर्दै आएको,
४. २५ वर्ष उमेर पुरा भएको ।

नोटः-माथि योग्यतामा जुनसुकै कुरा लेखिएता पनि तालिम लिइ हाल काम गरिरहेको हकमा निजलाई निरन्तरता दिन सकिने छ ।

..........................
शिव प्रसाद दाहाल
संयोजक
न्यायिक समिति

शिव प्रसाद दाहाल
संयोजक
न्यायिक समिति

# बेलकोटगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
...................... शाखा

बाघखोर, नुवाकोट
३ नं. प्रदेश, नेपाल
२०७३


प.सं.:- २०७९/०८०
च.नं.:- १८८०

मिति : २०८०/०२/२१

विषयः- **निवेदन संकलन गरी पेश गर्ने सम्बन्धमा ।**

श्री वडा सचिव (सबै),
बेलकोटगढी नगरपालिका ।

मेलमिलापकर्ताको सूची तयार र सूची अध्यावधिक गर्ने सम्बन्धि सुचनाको छाँयाप्रति यसैसाथ संलग्न छ । सूचनामा उल्लेख भए बमोजिम तँहा वडा कार्यालयमा सूचिकृत तथा सूची अध्यावधिक हुन पाउँ भनी पेश भएका निवेदनहरु संकलन गरी सूचनाको म्याद समाप्त भएपश्चात एकमुष्ठ रुपमा यस नगरपालिकाको न्यायिक समिति समक्ष पेश गर्नुहुन जानकारी गराइन्छ ।

थप जानकारीको लागी सम्पर्कः-बिदुर कुमार पुडासैनी (९८६६०४९८५६)

.................................
शिव प्रसाद दाहाल
संयोजक
न्यायिक समिति

शिव प्रसाद दाहाल
संयोजक
न्यायिक समिति

अनुशुची-११

(दफा ६० को उपदफा (३) सँग सम्बन्धित)

बेलकोटगढी नगरपालिकाको न्यायिक समिति समक्ष पेश गरेको निवेदन

विषय:-**मेलमिलापकर्तामा सूचिकृत/सूची अध्यावधिक हुन पाउँ ।**

प्रस्तुत विषयमा तपसिलमा उल्लेखित कागजातहरुको प्रतिलिपि साथै राखी बेलकोटगढी नगरपालिकाको न्यायिक समिति अन्तर्गत वडा नं............मा रहेको मेलमिलाप केन्द्रमा सूचिकृत/सूची अध्यावधिक भई मेलमिलाप गराउन अनुमती पाउँ भनी निवेदन गर्दछु ।

**तपसिल:**

१. नागरिकता प्रमाणपत्रको छाँयाकपी र अटो साइजको ३ (तिन) प्रति फोटो,

२. कम्तिमा माध्यामिक तह (कक्षा १२) वा सो सरह उत्तीर्ण गरेको शैक्षिक प्रमाणपत्रको छाँयाकपी,

३. मेलमिलापकर्ताको तालिम प्राप्त गरेको प्रमाणपत्रको छाँयाकपी,

४. मेलमिलाप सम्बन्धि अनुभव र

४. व्यक्तिगत विवरण ।

निवेदक

नाम थर:..............................

दस्तखत:..............................

मिति:.................................